# तमानखोला गाउँपालिकाको आ.व. २०८२/८३ को

# वार्षिक समीक्षा प्रतिवेदन

तमानखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बोंगादोभान, बागलुङ

विषयसूची


१. कार्यकारी सारांश/परिचय ....... 3

२. तमानखोला गाउँपालिकाको परिचय ....... 5

२.१ पृष्ठभूमि ....... 5

२.२ भौगोलिक अवस्था ....... 5

२.३ प्रशासनिक संरचना ....... 5

२.४ जनसांख्यिक अवस्था ....... 6

२.५ भाषिक तथा सांस्कृतिक अवस्था ....... 6

२.६ प्राकृतिक स्रोत तथा आर्थिक सम्भावना ....... 7

२.७ विकासका प्रमुख सम्भावना र चुनौती ....... 7

२.८ विकासको समग्र दिशा ....... 7

३. वार्षिक समीक्षा कार्यक्रमको पृष्ठभूमि ....... 8

४. समग्र बजेट तथा वित्तीय प्रगतिः ....... 9

४.१ बजेटको अवस्था ....... 9

४.२ बजेट खर्चको अवस्था ............................................................ 9
४.३ क्षेत्रगत बजेट विनियोजन तथा खर्चको अवस्थाः ............................................................ 10
४.४ वित्तीय प्रगति अपेक्षा अनुरुप हुन नसक्नुका प्रमुख कारण ............................................................ 10
४.५ वित्तीय व्यवस्थापनमा भएका सुधारका प्रयास ............................................................ 10
५. क्षेत्रगत/विषयगत प्रगति ............................................................ 11
५.१ आर्थिक विकास क्षेत्र ............................................................ 11
५.१.१ कृषि विकास ............................................................ 11
५.१.२ पशुपन्छी विकास ............................................................ 12
५.१.३ उद्यम विकास, पर्यटन तथा सहकारीः ............................................................ 12
५.१.४ श्रम तथा रोजगारी ............................................................ 13
५.२ सामाजिक विकास क्षेत्र ............................................................ 14
५.२.१ शिक्षा, युवा तथा खेलकुद ............................................................ 14
५.२.२ स्वास्थ्य ............................................................ 15
५.२.३ महिला, बालबालिका तथा समाजकल्याण ............................................................ 15
५.२.४ पञ्जीकरण तथा सामाजिक सुरक्षा ............................................................ 16
५.३ पूर्वाधार विकास क्षेत्र ............................................................ 17
५.४ वन, वातावरण तथा विपद् व्यवस्थापन ............................................................ 17
५.५ संस्थागत विकास तथा सुशासन ............................................................ 17
५.५.१ प्रशासन ............................................................ 17
५.५.२ योजना तथा अनुगमन ............................................................ 18
५.६ राजस्व संकलन विवरण ............................................................ 19
६. निष्कर्ष तथा सुझाव ............................................................ 19

६.१ निष्कर्ष......19

६.२ सुझाव......20

## १. कार्यकारी सारांश/परिचय

तमानखोला गाउँपालिका, बागलुङको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा प्रतिवेदन गाउँपालिकाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्था, प्राप्त उपलब्धि, वित्तीय तथा भौतिक प्रगति, सेवा प्रवाहको अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौती र आगामी कार्यदिशाको समग्र मूल्याङ्कनका रूपमा तयार गरिएको हो। तमानखोला गाउँपालिका ६ वटा वडा, १७८.०२ वर्ग कि.मि. क्षेत्रफल र वि.सं. २०७८ को जनगणनाअनुसार ९,९८२ जनसंख्या रहेको भौगोलिक तथा सामाजिक विविधतायुक्त स्थानीय तह हो। गाउँपालिकामा दलित तथा आदिवासी जनजातिको उल्लेख्य जनसंख्या रहेको हुँदा सामाजिक न्याय, समावेशी विकास, आधारभूत सेवा तथा स्थानीय आर्थिक अवसरको विस्तार विकासका महत्वपूर्ण प्राथमिकता रहेका छन्।

आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाले स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन, आवधिक विकास योजनाका प्राथमिकता तथा स्थानीय नागरिकका अपेक्षालाई सम्बोधन गर्ने उद्देश्यले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, संस्थागत विकास तथा सुशासनका क्षेत्रमा विभिन्न नीति, कार्यक्रम तथा आयोजना सञ्चालन गरेको छ ।

आ.व. २०८२/८३ मा गाउँपालिकाको कुल विनियोजित बजेट रु.३५,१७,१८,०५१.५७ मध्ये रु. २७,८४,८७,६५९.६१ खर्च भई समग्र वित्तीय प्रगति ७९.१७% कायम भएको छ। चालुतर्फ ८०.६३ % र पुँजीगततर्फ ७६.३२ % खर्च भएको छ।

पूर्वाधार विकासतर्फ सडक, मोटरबाटो, सिँचाइ, भवन, विद्युत् तथा अन्य सामुदायिक पूर्वाधार निर्माण र स्तरोन्नतिका कार्यक्रम सञ्चालन भएका छन्। विशेषगरी स्थानीय नागरिकको दैनिक जीवन, उत्पादन तथा सेवा पहुँचमा प्रत्यक्ष प्रभाव पार्ने आयोजनालाई प्राथमिकता दिइएको छ।

सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्ग लक्षित कार्यक्रम सञ्चालन गरिएका छन्। शिक्षातर्फ विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधार, विद्यार्थी प्रोत्साहन, छात्रवृत्ति, शैक्षिक सामग्री तथा क्षमता विकासका कार्यक्रम सञ्चालन भएका छन्। स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवा विस्तार, मातृ तथा नवजात स्वास्थ्य, पोषण, खोप, स्वास्थ्य सचेतना तथा स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धिका कार्यक्रम कार्यान्वयन गरिएका छन्। यसबाट आधारभूत सामाजिक सेवामा नागरिकको पहुँच र सेवा प्राप्त गर्ने अवसर विस्तार गर्न योगदान पुगेको छ।

आर्थिक विकासतर्फ कृषि तथा पशुपन्छी विकास, उत्पादनमा आधारित अनुदान, उद्यमशीलता, सीप विकास, रोजगारी तथा स्वरोजगार प्रवर्द्धन, सहकारी तथा स्थानीय आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन भएका छन्।

सुशासन तथा संस्थागत विकासतर्फ सेवा प्रवाहलाई नागरिकमैत्री, पारदर्शी, जवाफदेही तथा प्रविधिमैत्री बनाउने प्रयास गरिएको छ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, गुनासो व्यवस्थापन, योजना तथा कार्यक्रमको अनुगमन, डिजिटल प्रविधिको प्रयोग, अभिलेख व्यवस्थापन तथा कर्मचारी क्षमता विकासजस्ता गतिविधिलाई संस्थागत गर्ने प्रयास भएको छ। साथै, गाउँपालिकाले सार्वजनिक सेवाको मापदण्डलगायत संस्थागत सुधारसँग सम्बन्धित कानुनी तथा प्रशासनिक दस्तावेजहरू समेत विकास गर्दै गएको देखिन्छ।

राजस्व परिचालनतर्फ गाउँपालिकाले आन्तरिक स्रोत परिचालनलाई सुदृढ गर्ने, करको दायरा विस्तार गर्ने, राजस्व अभिलेख व्यवस्थित गर्ने तथा स्थानीय राजस्व संकलनमा सुधार गर्ने प्रयास गरेको छ। आन्तरिक राजस्वको लक्ष्य रु. ३८,००,०००।-रहेकोमा रु.३४,२०,८०८.१५।- संकलन भई ९० प्रतिशत लक्ष्य प्राप्त भएको छ। आगामी दिनमा स्थानीय राजस्वका सम्भावित स्रोतको पहिचान, करदाता अभिलेख अद्यावधिक, राजस्व प्रशासनको डिजिटलाइजेसन तथा कर सचेतना अभिवृद्धिमार्फत आन्तरिक स्रोतलाई थप सुदृढ गर्नुपर्ने देखिन्छ।

योजना तथा कार्यक्रम कार्यान्वयनको क्रममा भौगोलिक विकटता, सीमित स्रोत-साधन, प्राविधिक तथा जनशक्ति व्यवस्थापन, खरिद प्रक्रिया तथा ठेक्का व्यवस्थापन, निर्माण सामग्रीको उपलब्धता, मौसमजन्य समस्या, उपभोक्ता समिति व्यवस्थापन तथा संघ-प्रदेश र स्थानीय तहबीचको समन्वयलगायतका चुनौतीहरू देखिएका छन्। विशेषगरी आयोजना कार्यान्वयनमा समय व्यवस्थापन र आर्थिक वर्षको प्रारम्भदेखि नै खरिद तथा कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ।

समग्रमा, आर्थिक वर्ष २०८२/०८३ मा तमानखोला गाउँपालिकाले सीमित स्रोत-साधन र भौगोलिक तथा प्रशासनिक चुनौतीका बाबजुद स्थानीय आवश्यकता र नागरिकका अपेक्षालाई सम्बोधन गर्ने दिशामा महत्वपूर्ण प्रयास गरेको छ। आगामी वर्षमा विगतका अनुभव र सिकाइलाई संस्थागत गर्दै कम कार्यक्रम, उच्च प्राथमिकता, समयमै कार्यान्वयन र मापनयोग्य परिणामको अवधारणामा आधारित योजना तथा बजेट कार्यान्वयन गर्न सकेमा गाउँपालिकाको विकास व्यवस्थापन, सेवा प्रवाह र नागरिक सन्तुष्टिमा थप सुधार ल्याउन सकिने अपेक्षा गरिएको छ।

## २. तमानखोला गाउँपालिकाको परिचय

### २.१ पृष्ठभूमि

तमानखोला गाउँपालिका गण्डकी प्रदेशअन्तर्गत बागलुङ जिल्लामा अवस्थित एक स्थानीय तह हो। नेपालको संविधान, २०७२ बमोजिम राज्यको पुनर्संरचना गर्ने क्रममा नेपाल सरकारको मिति २०७३/११/२० को निर्णयअनुसार साविकका तमान, बोङ्गादोभान र खुङ्खानी गाउँ विकास समितिलाई समेटी तमानखोला गाउँपालिका गठन भएको हो। गाउँपालिकाको नामकरण यस क्षेत्र हुँदै बग्ने प्रमुख नदी तमानखोलाको नामबाट भएको हो। गाउँपालिकाको प्रशासनिक केन्द्र बोङ्गादोभान बजारमा रहेको छ, जुन ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिबाङबाट करिब १० किलोमिटर दूरीमा रहेको छ।

तमानखोला गाउँपालिका प्राकृतिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधताले सम्पन्न स्थानीय तहका रूपमा रहेको छ। दुर्गम पहाडी भूगोल, सीमित पूर्वाधार तथा सेवा पहुँचका चुनौतीका बीच स्थानीय स्रोत—साधनको दिगो उपयोग, आधारभूत सेवाको विस्तार, उत्पादन तथा रोजगारी वृद्धि, सामाजिक समावेशीकरण र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गाउँपालिकाको विकासका महत्वपूर्ण आधारका रूपमा रहेका छन्।

### २.२ भौगोलिक अवस्था

तमानखोला गाउँपालिका बागलुङ जिल्लाको पश्चिमोत्तर क्षेत्रमा अवस्थित छ। गाउँपालिकाको कुल क्षेत्रफल १७८.०२ वर्ग किलोमिटर रहेको छ। गाउँपालिका समुद्री सतहबाट करिब १,२३२ मिटरदेखि ३,८३६ मिटरसम्मको उचाइमा फैलिएको छ। यसको पूर्वमा म्याग्दी जिल्ला, पश्चिममा ढोरपाटन सिकार आरक्ष, उत्तरमा  धवलागिरी गाउँपालिका र दक्षिणमा ढोरपाटन नगरपालिका-३ रहेका छन्।

भौगोलिक अवस्थाका कारण गाउँपालिकाका कतिपय बस्तीमा सडक, यातायात, शिक्षा, स्वास्थ्य, खानेपानी तथा अन्य आधारभूत सेवाको पहुँच विस्तार गर्न चुनौती रहेको छ। यद्यपि यही भौगोलिक तथा प्राकृतिक विविधता पर्यटन, जडीबुटी, कृषि, पशुपालन तथा अन्य स्थानीय आर्थिक गतिविधिका दृष्टिले महत्वपूर्ण सम्भावनाको आधार पनि हो।

गाउँपालिकाभित्रका प्रमुख नदी तथा खोलाहरूमा तमानखोला, बोङ्गाखोला र स्याउलाखोला रहेका छन्।

### २.३ प्रशासनिक संरचना

तमानखोला गाउँपालिका ६ वटा वडामा विभाजित रहेको छ। साविकका गाविसलाई पुनर्संरचना गरी निम्नानुसार वडा कायम गरिएको होः

| वडा नं. | समावेश साविक क्षेत्र | क्षेत्रफल (वर्ग कि.मी. | कैफियत |
|---|---|---|---|
| १ | बोङ्गादोभान (१-५) | २८.११ | |
| २ | बोङ्गादोभान (६-९) | ४९.८५ | |
| ३ | तमान (१-६) | २०.७१ | |
| ४ | तमान (७-९) | ११.३३ | |
| ५ | खुङ्खानी (१-६) | १४.५४ | |
| ६ | खुङ्खानी (७-९) | ५३.४८ | |
| जम्मा | | १७८.०२ | |

## २.४ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार तमानखोला गाउँपालिकाको कुल जनसंख्या ९,९८२ रहेको छ। त्यसमध्ये महिला ५,३८९ र पुरुष ४,५९३ रहेका छन्। गाउँपालिकामा कुल २,६११ घरधुरी रहेका छन्।

जनसंख्याको सामाजिक संरचनामा दलित तथा आदिवासी जनजातिको उल्लेख्य उपस्थिति रहेको छ। उपलब्ध तथ्यांकअनुसार दलित समुदायको हिस्सा ५७.९ प्रतिशत, आदिवासी जनजातिको ३८.७ प्रतिशत, ब्राह्मण/क्षेत्रीको २.९ प्रतिशत तथा अन्य समुदायको समेत बसोबास रहेको छ। यस प्रकारको सामाजिक संरचनाले गाउँपालिकाको विकास प्रक्रियामा सामाजिक न्याय, समावेशीकरण, समान अवसर तथा लक्षित वर्गको सशक्तीकरणलाई विशेष महत्व दिनुपर्ने देखाउँछ।

## २.५ भाषिक तथा सांस्कृतिक अवस्था

तमानखोला गाउँपालिकामा विभिन्न जातजाति तथा समुदायको बसोबास भए पनि दैनिक बोलचालमा नेपाली भाषा प्रमुख भाषाका रूपमा प्रयोग हुँदै आएको छ। साथै केही मात्रामा छन्त्याल तथा मगर भाषाको समेत प्रयोग हुन्छ ।

विविध जातीय तथा सांस्कृतिक समुदायको सहअस्तित्वले गाउँपालिकालाई सामाजिक तथा सांस्कृतिक दृष्टिले विविधतायुक्त बनाएको छ। स्थानीय मौलिक संस्कृति, परम्परा, भाषा, धार्मिक आस्था, कला तथा सामाजिक प्रचलनको संरक्षण र प्रवर्द्धन पर्यटन तथा स्थानीय पहिचान निर्माणका दृष्टिले समेत महत्वपूर्ण रहेको छ।

## २.६ प्राकृतिक स्रोत तथा आर्थिक सम्भावना

तमानखोला गाउँपालिका प्राकृतिक स्रोत तथा साधनका दृष्टिले सम्भावनायुक्त क्षेत्र हो। गाउँपालिकामा विभिन्न प्रकारका जडीबुटी तथा विभिन्न किसिमका खानीहरुको प्रचुर सम्भावना रहेकोछ। साथै प्राकृतिक, पर्यटकीय तथा धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत स्थानीय आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउन सकिने सम्भावना रहेको छ।

कृषि तथा पशुपालन, जडीबुटी, स्थानीय उत्पादन, पर्यटन, धार्मिक तथा प्राकृतिक सम्पदा र स्थानीय उद्यमशीलता गाउँपालिकाको आर्थिक विकासका प्रमुख सम्भावनाका क्षेत्र हुन्। यी क्षेत्रको व्यावसायिक विकास, मूल्य शृंखला निर्माण, बजार पहुँच विस्तार र स्थानीय रोजगारी सिर्जनासँग जोड्न सकेमा गाउँपालिकाको स्थानीय अर्थतन्त्रलाई थप सबल बनाउन सकिने देखिन्छ।

## २.७ विकासका प्रमुख सम्भावना र चुनौती

तमानखोला गाउँपालिकाको विकासका प्रमुख सम्भावनाहरूमा कृषि तथा पशुपालन, प्राकृतिक तथा पर्यटकीय सम्पदा, जडीबुटी, , स्थानीय उत्पादन, मानव स्रोत तथा सांस्कृतिक विविधता रहेका छन्। अर्कोतर्फ भौगोलिक विकटता, छरिएका बस्ती, यातायात तथा पूर्वाधारको सीमित पहुँच, सीमित आन्तरिक राजस्व आधार, जनशक्ति तथा प्राविधिक क्षमताको आवश्यकता र सेवा प्रवाहमा रहेको भौगोलिक चुनौती प्रमुख समस्याका रूपमा रहेका छन्।

## २.८ विकासको समग्र दिशा

तमानखोला गाउँपालिकाले उपलब्ध प्राकृतिक, मानवीय तथा आर्थिक स्रोतको सदुपयोग गर्दै नागरिकको जीवनस्तरमा सुधार ल्याउने, गुणस्तरीय आधारभूत सेवा सुनिश्चित गर्ने, स्थानीय उत्पादन तथा रोजगारीका अवसर विस्तार गर्ने र समावेशी तथा दिगो विकास हासिल गर्ने दिशामा आफ्नो विकास प्रयास अघि बढाउनुपर्ने देखिन्छ।

विशेषतः स्थानीय आवश्यकता पहिचान, प्राथमिकतामा आधारित योजना छनोट, समयमै कार्यान्वयन, परिणाममुखी अनुगमन र नागरिकप्रति जवाफदेही सेवा प्रवाहलाई विकास व्यवस्थापनको आधार बनाउँदै अघि बढ्नु गाउँपालिकाको दीर्घकालीन विकासका लागि महत्वपूर्ण हुनेछ।

## ३. वार्षिक समीक्षा कार्यक्रमको पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय शासन, विकास व्यवस्थापन तथा सेवा प्रवाहका क्षेत्रमा महत्वपूर्ण अधिकार र जिम्मेवारी प्रदान गरेको छ। तमानखोला गाउँपालिकाले संविधानको अनुसूची-८ मा उल्लिखित अधिकार तथा प्रचलित कानूनबमोजिम स्थानीय तहले स्थानीय आवश्यकता, प्राथमिकता र उपलब्ध स्रोतसाधनका आधारमा नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसरी स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्था, प्राप्त उपलब्धि, स्रोतको उपयोग, सेवा प्रवाहको प्रभावकारिता तथा आगामी सुधारका क्षेत्रको वस्तुनिष्ठ मूल्याङ्कन गर्न वार्षिक समीक्षा महत्वपूर्ण व्यवस्थापकीय प्रक्रिया हो।

तमानखोला गाउँपालिकाले स्थानीय नागरिकका आवश्यकता, गाउँपालिकाको भौगोलिक अवस्था, सामाजिक-आर्थिक परिवेश, उपलब्ध स्रोतसाधन तथा विकासका प्राथमिकताका आधारमा प्रत्येक आर्थिक वर्ष नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। आर्थिक वर्ष २०८२/०८३ मा समेत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, संस्थागत विकास तथा सुशासनका क्षेत्रमा विभिन्न आयोजना, कार्यक्रम तथा सेवा प्रवाहसम्बन्धी गतिविधिहरू सञ्चालन गरिएका छन्।

मिति २०८३ साउन २२ गते सम्पन्न गरिएको वार्षिक समीक्षा कार्यक्रमले आ.व. २०८२/८३ मा सञ्चालन भएका कार्यक्रम तथा आयोजनाको वित्तीय र भौतिक प्रगति मात्र मापन गर्ने नभई त्यसबाट प्राप्त उपलब्धि, नागरिकले प्राप्त गरेको सेवा तथा लाभ, अपेक्षित परिणाम प्राप्त भए/नभएको अवस्था र कार्यान्वयनको प्रभावकारिता समेत मूल्याङ्कन गर्ने उद्देश्य राखेको थियो। यसले स्वीकृत लक्ष्य र वास्तविक उपलब्धिबीचको अन्तर पहिचान गरी त्यसका कारणहरूको विश्लेषण गर्न तथा आगामी वर्षका नीति, योजना र बजेटलाई थप यथार्थपरक, प्राथमिकतामुखी र परिणाममुखी बनाउन आधार प्रदान गरेको छ।

वार्षिक समीक्षाको प्रक्रियाबाट गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय तथा सम्बन्धित सरोकारवालाबाट सञ्चालित कार्यक्रमहरूको कार्यान्वयन अवस्था एकीकृत रूपमा विश्लेषण गर्न, उत्कृष्ट कार्यसम्पादन भएका कार्यक्रम तथा असल अभ्यास पहिचान गर्न, अपेक्षित प्रगति हासिल हुन नसकेका कार्यक्रमका कारण पहिचान गर्न तथा सुधारका लागि आवश्यक रणनीति तय गर्न सहयोग पुगेको छ। साथै, समीक्षा प्रक्रियाले गाउँपालिकाको पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व, वित्तीय अनुशासन तथा सुशासनलाई संस्थागत गर्न समेत योगदान पुऱ्याउँछ।

## ४. समग्र बजेट तथा वित्तीय प्रगतिः

### ४.१ बजेटको अवस्था

आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाले नीति तथा कार्यक्रम कार्यान्वयनका लागि कुल रु. ३५,१७,१८,०५१.५७।- बजेट विनियोजन गरेको थियो। उक्त बजेटमध्ये चालुतर्फ रु. २३२८९५६५१.५७ र पुँजीगततर्फ रु. ११,८८,२२,४००।— विनियोजन गरिएको थियो।

**आ.व. २०८२/८३ को आय अनुमान र प्राप्तिको अवस्थाः**

| क्र.स. | स्रोत | आय अनुमान रु. | प्राप्त आय रु. |
|---|---|---|---|
| १. | संघीय सरकार समानिकरण अनुदान | ७,०४,००,००० | ६,४३,८०,८०० |
| २. | संघीय सरकार विशेष अनुदान | ७५,००,००० | ५६,११,१२० |
| ३. | संघीय सरकार सशर्त अनुदान | ११,८०,२०,००० | ११,७४,४०,००० |
| ४. | संघीय सरकार समपुरक अनुदान | ८०,००,००० | ५५,११,७७८ |
| ५. | संघीय सरकार राजश्व बाँडफाँट | ७,८१,२२,५३२ | ७,५९,८१,५४४.०४ |
| ६. | प्रदेश सरकार समानिकरण अनुदान | ७४,८३,००० | ७४,८३,००० |
| ७. | प्रदेश सरकार विशेष अनुदान | ३९,९१,००० | २९,७४,०५४ |
| ८. | प्रदेश सरकार समपुरक अनुदान | ६०,००,००० | ३०,००,००० |
| | प्रदेश सरका सशर्त अनुदान | ४३,००,००० | ४३,००,००० |
| ९. | प्रदेश सरकार राजश्व बाँडफाँट | ६४,०३,००० | ५५,९१,११६.७७ |
| १०. | आन्तरिक आय | ३८,००,००० | ३४,२०,८०८.१५ |
| ११. | आन्तरिक राजश्व बाँडफाँट | १,००,००० | १,६२,१६८.९९ |
| १२. | गत वर्षको बैंक मौज्दात | ३,७५,९८,५१९.५७ | ३,७५,९८,५१९.५७ |
| | जम्मा | ३५,१७,१८,०५१.५७ | ३३,३४,५४,९०९.५२ |

### ४.२ बजेट खर्चको अवस्था

| खर्च प्रकृतिका आधारमा विनियोजित बजेट तथा खर्चको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | खर्च प्रकार | विनियोजित वजेट | खर्च रकम रु. | खर्च प्रतिशत | कैफियत |
| १ | चालु | २३२८९५६५१.६ | १८७७९७८२९.१ | ८०.६३ | |
| २ | पुँजिगत | ११८८२२४०० | ९०६८९८३०.५ | ७६.३२ | |
| | जम्मा | ३५१७१८०५१.६ | २७८४८७६५९.६ | ७९.१७ | |

## ४.३ क्षेत्रगत बजेट विनियोजन तथा खर्चको अवस्थाः

| क्षेत्रगत विनियोजित बजेट तथा खर्चको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र | विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
| १ | आर्थिक विकास | १३२१२८५३.०० | ८२२७५००.०० | ६२.२६ | |
| २ | सामाजिक विकास | १७४४५४९१३.०० | १४३९०७४१६.८५ | ८२.४८ | |
| ३ | पूर्वाधार विकास | ९५९१५६००.०० | ६९६६६०८६.०० | ७२.६३ | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४२७४२९९.०० | ११६१०९८३.०० | ८१.३४ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५३८६०३८६.५७ | ४५०७५६७३.७६ | ८३.६८ | |
| | जम्मा | ३५१७१८०५१.५७ | २७८४८७६५९.६१ | ७९.१७ | |

## ४.४ वित्तीय प्रगति अपेक्षा अनुरुप हुन नसक्नुका प्रमुख कारण

समीक्षा अवधिमा अपेक्षित वित्तीय प्रगति हासिल हुन नसकेका कार्यक्रम तथा आयोजनामा निम्न कारणहरू प्रमुख देखिएका छन्:

१. आयोजना तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया ढिलो सुरु हुनु।
२. खरिद तथा ठेक्का प्रक्रिया सम्पन्न हुन समय लाग्नु।
३. प्राविधिक जनशक्ति तथा प्राविधिक तयारीको सीमितता।
४. भौगोलिक विकटता तथा यातायातको कठिनाइ।
५. निर्माण सामग्री तथा श्रमिकको उपलब्धतामा समस्या।
६. मौसमजन्य प्रतिकूलता।
७. आयोजना कार्यान्वयनमा अन्तरशाखागत तथा अन्तरनिकाय समन्वयको आवश्यकता।
८. कतिपय कार्यक्रमको लक्ष्य तथा बजेटबीच पर्याप्त सामञ्जस्य नहुनु।
९. उपभोक्ता समिति गठन तथा सम्झौता प्रक्रियामा भएको ढिलाइ।
१०. संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान/स्रोतको समयमै निकासा वा प्राप्ति नहुनु।
११. कार्यक्रम संशोधन तथा रकमान्तरका कारण कार्यान्वयनमा समय लाग्नु।

## ४.५ वित्तीय व्यवस्थापनमा भएका सुधारका प्रयास

गाउँपालिकाले बजेट तथा वित्तीय व्यवस्थापनलाई थप व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउन विभिन्न प्रयास गरेको छ। बजेट कार्यान्वयन कार्ययोजना निर्माण, नियमित खर्च तथा प्रगति समीक्षा, आन्तरिक लेखापरीक्षण, योजना तथा कार्यक्रमको अनुगमन, राजस्व अभिलेख व्यवस्थापन, विद्युतीय वित्तीय प्रणालीको प्रयोग तथा आर्थिक अनुशासन कायम गर्ने प्रयास गरिएको छ।

त्यसैगरी, कार्यक्रम तथा आयोजनाको प्रगति र खर्चबीच सामञ्जस्य कायम गर्न विषयगत शाखा, वडा कार्यालय तथा सम्बन्धित कार्यान्वयन निकायसँग समन्वय गर्ने प्रयास गरिएको छ।

## ५. क्षेत्रगत/विषयगत प्रगति

### ५.१ आर्थिक विकास क्षेत्र

तमानखोला गाउँपालिकाको स्थानीय अर्थतन्त्रलाई सुदृढ गर्ने, कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, स्थानीय स्रोत तथा सीपको उपयोग गरी रोजगारी तथा स्वरोजगार सिर्जना गर्ने र स्थानीय उत्पादनलाई बजारसँग जोड्ने उद्देश्यले आर्थिक विकासअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ।

#### ५.१.१ कृषि विकास

- माटोको अवस्था अनुसार उपयुक्त बाली तथा मल व्यवस्थापन प्रविधि सिफारिस गरी वैज्ञानिक कृषि प्रणाली विकासमा सहयोग पुर्‍याउन र कृषकलाई स्थानीय स्तरमै माटो परीक्षण सेवा उपलब्ध गराउन माटो परीक्षण प्रयोगशाला सञ्चालनका लागि आवश्यक उपकरण, रसायन तथा सामग्री खरिद गरिएको छ।
- कृषिमा आधुनिकीकरण तथा यान्त्रीकरण प्रवर्द्धन गर्दै उत्पादन लागत न्यूनीकरणको लागि ५० प्रतिशत अनुदानमा ५ वटा कृषि फर्महरुलाई कम्बाइन मिल, वडा नं. ६ का कृषकहरूलाई १ थान मिनीटिलर तथा १,७७६ मिटर पाइप अनुदानमा वितरण गरिएको छ।
- गुणस्तरीय तथा प्रमाणित आलु बिउको प्रयोगमार्फत आलु उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तमानखोला गाउँपालिका वडा नं. ४ का आलु उत्पादक कृषकहरूलाई बेसिक-२ स्तरको आलु बिउ वितरण गरिएको छ।
- बालीमा रोग र किराको प्रकोप रोकथाम गरि तरकारी बालीको उत्पादन वृद्धि गर्न तमानमा तरकारी बालीमा बिउ उपचार विधि प्रदर्शन कार्यक्रम सञ्चालन गरिएको छ।
- साथै व्यवसायिक कृषि प्रवर्द्धनमा प्रोत्साहन गर्न वडा नं. २ र वडा नं. ६ का कृषक तथा कृषि संस्थाहरूलाई मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम सञ्चालन गरि आवश्यक बिउबिजन तथा अन्य कृषि सामग्री वितरण गरिएको छ।
- कृषकहरूको संस्थागत विकास तथा जैविक कृषि प्रविधिको प्रवर्द्धन गर्ने उद्देश्यले सेतरा, थास्पुरी, खुंखानी र रिक्लाङ क्षेत्रमा ४ वटा कृषक समूह गठन गरी समूहका ८८ सदस्यहरूलाई जैविक विषादी निर्माण, प्रयोग विधि तथा जैविक खेती प्रविधिबारे सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको छ।

- व्यवसायिक तरकारी उत्पादन विस्तार तथा प्रवर्द्धनका लागि सहयोग उपलब्ध गराउने उद्देश्यले व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत २ वटा व्यवसायिक कृषक तथा कृषि फर्महरूलाई तरकारी खेतीमा कुल लागतको ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ।

### ५.१.२ पशुपन्छी विकास

- पशु सेवा शाखामा हालसम्म दर्ता भएका जम्मा ११८ व्यवसायमध्ये ८२ वटाको नवीकरण भएको,
- पशु सेवा शाखाबाट पशुजन्य औषधी लिनेको संख्या ३४५० जना तथा १९१ जनाको घरमै पुगेर निःशुल्क पशु स्वास्थ्य सम्बन्धी उपचार गरिएको,
- २६२ जना हलगोरु पाल्ने कृषकहरुलाई रु. ५०००।- का दरले जम्मा रु १३ लाख १० हजार नगद प्रोत्साहन उपलब्ध गराइएको,
- घुम्ति गोठ पशुपालक कृषकहरु लाई ७५ प्रतिशत अनुदानमा ७० वटा त्रिपाल र ३० सेट सोलार वितरण गरिएको,
- गाउँपालिका भित्रका २३ जना पशुपालक कृषकहरुलाई रु .... उत्पादनमा आधारित अनुदान वितरण गरिएको,
- डेरी उद्योग संचालन गर्न तमानखोला गाउँपालिका २ स्थीत श्री किरिस्न कृषि पशु पन्छी तथा फलफुल बगानसँग सम्झौता गरी आवश्यक सामाग्री खरिदमा अनुदान उपलब्ध गराइएको,
- गाई/भैसि प्रवर्द्धन कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ३ वटा कृषि तथा पशुपालन फर्मलाई अनुदान उपलब्ध गराइएको,
- पशुमा पुर्णखोप कार्यक्रम अन्तर्गत तमानखोला गाउँपालिका भित्रका १०,५४४ पशुहरु लाई विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाइएको ।

### ५.१.३ उद्यम विकास, पर्यटन तथा सहकारीः

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत लघु उद्यम विकास मोडेलमा आधारित नयाँ लघु उद्यमी सिर्जना तर्फ गाउँपालिका वडा नं.१ थ्रिबाङमा १६ जनाको सहभागीतामा १५ दिनको मुढा बनाउने तालिम र  वडा नं. ५ थासपुरीमा २२ जनाको सहभागीतामा ३ दिनको मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिएको ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीको स्तरोन्नती (आवश्यक्ता पहिचानका आधारमा पुनर्ताजगी एड्भान्स सीप विकास तालिम) तर्फ  वडा नं,२ खोलेस्बाङमा

५ जना पुराना लघु उद्यमीहरुको सहभागीतामा १ महिनाको एड्भान्स बुटिक तालिम सम्पन्न गरीयो र वडा नं. ३ तमानमा ५ सहभागीतामा ७ दिनको एड्भान्स झोला सिलाइ तालिम सम्पन्न गरिएको ।

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भावीत नयाँ लघु उद्यमीतर्फ २२ जनालाई प्लाष्टिक टनेल, मिलिजुली लघु उद्यमी समुहलाई बाँस काट्ने मेसीन प्रविधि (८० % अनुदानमा) हस्तान्तरण गरिएको ।पुराना लघुउद्यमीतर्फ खुंखानी सिस्नु पाउडर समुहलाई सिस्नु पाउडर बनाउने संग सम्बन्धित प्रविधि( ८० % अनुदानमा) हस्तान्तरण गरिएको ।
- परम्परागत आरन संचालक ६ जनालाई माग आधारित आवश्यक प्रविधि (शत प्रतिशन अनुदानमा) र परम्परागत टेलर व्यवसायी २ जनालाई आधुनिक जुकी सिलाई मेसिन (८०% अनुदानमा)हस्तान्तरण गरिएका ।
- तमानखोला गाउँपालिका भित्रका ३ वटा सहकारी संस्था लि. र सम्बन्धीत सरोकारवाला तथा कर्मचारी गरी जम्मा ४० जनाको सहभागीतामा सहकारी शिक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- पत्रकार महासंघ बागलुङको टिम र स्थानीय सरोकारवालाहरुको सहभागीतामा तमानखोला गाउँपालिकाको पर्यटकीय, धार्मीक, ऐतिहासीक र सास्कृतिक स्थलगत अनुगमन तथा गोष्ठी कार्यक्रम सम्पन्न गरिएको ।
- तमानखोला गाउँपालिकाको पर्यटकीय, धार्मिक, ऐतिहासीक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको प्रचार प्रसार गर्ने उद्वेश्यले जिवन्त मिडिया प्रा. लि. बागलुङ मार्फत भिडीयो डकुमेन्ट्री निर्माण गरिएको ।
- उद्यमी तथा व्यवसायीलाई सहुलियत ब्याज अनुदान उपलब्ध गराउने गरी यस चालु आ.व २०८२/०८३ मा ३ वटा उद्यमी तथा व्यवसायीलाई सहुलियत ब्याज अनुदान कार्यक्रमको लागि प्रकृया अगाडी बढाइएको छ ।

### ५.१.४ श्रम तथा रोजगारी

- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु मध्ये १८ जना व्यक्तिहरुलाई २ दिने च्याउ उत्पादन सम्बन्धी तालिम सञ्चालन ,
- सूचिकृत भई वेरोजगार प्राथमिकरणमा परेका ८१ जना मध्ये ६ नं वडा का १५ जना श्रमिक सम्मान,२१ जना व्यक्तिको उपस्थितिमा रोजगार संवाद मञ्च सञ्चालन, ३५ जना व्यक्तिको श्रम स्विकृति गरिएको,

- राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगतका १७ वटा योजना सम्पन्न भई भुक्तानी भएको,
- करार सेवामा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड २०८२ स्विकृत गरी तमानखोला गाउँपालिकामा कार्यरत २८ जना कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छ।
- मनोसामाजिक परामर्शकर्ता मार्फत समुदाय स्तरमा १८ स्थानमा करिब ५०० जनालाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण गरिएको । वैदेशिक रोजगारीबाट फर्किएका ६ वटै वडाका २० जनालाई वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको।

### ५.२ सामाजिक विकास क्षेत्र

सामाजिक विकासतर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका, सामाजिक सुरक्षा, समावेशीकरण तथा सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिएका छन्।

#### ५.२.१ शिक्षा, युवा तथा खेलकुद

- खेलकुद क्षेत्रको प्रवर्द्धन गर्दै विद्यालयमा अध्ययनरत विद्यार्थी तथा युवाहरुको खेलकुद प्रतिभा प्रस्फुटन गर्ने उदेश्यले तमानखोला गाउँपालिका कप सञ्चालान गरिएको छ । उक्त खेलकुद कार्यक्रममा ८ वटा प्रतियोगिता सञ्चालन भएकोमा गाउँपालिकामा सञ्चालनमा रहेका १७ विद्यालय र २३८ जना खेलाडीको सहभागिता रहेको थियो ।
- विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित बनाउन सहयोग गर्ने उदेश्यले शिक्षकहरुका लागि २ दिने EMIS सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- बालबालिकाहरुको प्रतिभा प्रष्फुटन गर्ने र एक आपसमा प्रतिष्पर्धाको वातावरण सिर्जना गर्ने उदेश्यले सञ्चालन गरिएको विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रममा विभिन्न ५ वटा विधामा ३०३ जना विद्यार्थहरुबीच प्रतिष्पर्धा गराईएको छ ।
- उच्च शिक्षा छात्रवृत्ति सहयोग कार्यक्रम अन्तर्गत १ जनालाई छात्रवृति उपलब्ध गराइएको।
- ६५ जना विद्यार्थीहरुलाई गरिव तथा जेहेन्दार छात्रवृत्ति वितरण गरिएको ।
- स्थानीय पाठ्यपुस्तक संशोधन तथा परिमार्जन गरी वितरण गरिएको ।
- गाउँपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयका सम्पूर्ण प्रध्यानाध्यापक तथा बाल विकास सहजकर्तालाई शिक्षक झोला तथा सम्पूर्ण विद्यालयमा विद्यार्थी होमओर्क डायरी वितरण गरिएको।
- प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम अन्तर्गत गाउँपालिकामा सञ्चालित सामुदायिक आधारभूत तहमा विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाई सामग्रीहरु (प्रोजेक्टर र ल्यापटप ) तथा माध्यमिक तहका विद्यालयहरुमा (स्मार्ट बोर्ड, ल्यापटप, डेस्कटप र प्रोजेक्टर) वितरण गरी

अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम सञ्चालन गरिएको । गाउँपालिका अन्तर्गत कक्षा-८ सम्म सञ्चालित आधारभूत विद्यालयहरुमा इन्टरनेट जडान गरिएको ।

### ५.२.२ स्वास्थ्य

- तमानखोला आधारभूत अस्पतालमा डिजिटल एक्सरे सेवा सुचारु गरिएको,
- गाउँपालिकाका सबै वडाहरु र गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको,
- धवलागिरी आयुर्वेदिक अस्पताल बागलुङ र बुर्तिबाङ अस्पतालको प्राविधिक सहयोगमा तमान स्वास्थ्य चौकीमा स्वास्थ्य शिविर तथा नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिएको,
- धवलागिरी प्रादेशिक अस्पताल बागलुङको प्राविधिक सहयोगमा तमानखोला गाउँपालिकाका १३ जना स्वास्थ्यकर्मीलाई आधारभूत जीवन रक्षा तथा प्राथमिक ट्रमा व्यवस्थापन सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको
- समुदायस्तरमा गई गाउँपालिकामा रहेका ५ वर्षमुनीका सबै बालबालिकाहरुको पोषण लेखाजोखा गरिएको,
- खुंखानी स्वास्थ्यचौकी र तमान स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड लेखाजोखा गरिएको,
- CBIMNCI कार्यक्रमको खुंखानी स्वास्थ्य चौकीमा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको।
- नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी आयुर्वेदिक उपचारका निःशुल्क औषधी वितरण गरिएको,
- मनोसामाजिक परामर्शकर्ता मार्फत हालसम्म १७ जना बिरामीहरुलाई उनीहरुको घरमा पुगेर मनोसामाजिक परामर्श प्रदान गरिएको तथा विद्यालयस्तरमा २ पटक मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको ।

### ५.२.३ महिला, बालबालिका तथा समाजकल्याण

- महिला उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत वडा नं ०४ लाम्मेलाका १० जना महिलाहरुका लागि तरकारी खेती सम्बन्धी १ दिने तालिम सञ्चालन गरी निःशुल्क प्यालाष्टिक टनेल, टमाटर, मुला, बन्दागोपी, काउली र रायो मार्फाको विउ वितरण गरिएको, वडा नं ०५ मा १० जना महिलाहरुका लागि बुटिक बनाउने सम्बन्धि ३० दिने तालिम सञ्चालन गरि निःशुल्क बुटिक तान मेशिन र विभिन्न बुटिक सम्बन्धि सामग्री वितरण गरिएको र वडा नं ०६ मा १० जना

महिलाहरुलाई सिलाइ कटाइ सम्बन्धी ३५ दिने तालिम सञ्चालन गरि ५ जनालाई निःशुल्क सिलाइ मेशिन र अन्य विभिन्न सामग्री वितरण गरिएको ।

- एकल महिला जिविकोपार्जन कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट ३/३ जनाका दरले १८ जना एकल महिलाहरुलाई १/१ वटा बाख्रा वितरण गरिएको ।
- अपाङ्गता जिविकोपार्जन कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउने र अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक र सामाजिक जीवनस्तर सुधार गर्ने उदेश्यले 'ग' र 'घ' वर्गका अपाङ्गता भएका ५ जनालाई मुडा बनाउने सम्बन्धी १५ दिने तालिम सञ्चालन गरिएको।
- ज्येष्ठ नागरिक सहयोग तथा सम्मान कार्यक्रम अन्तर्गत ८५ वर्ष माथिका ज्येष्ठ नागरिकको घरदैलोमा गएर १०९ जनाको स्वास्थ्य परीक्षण गरी पौष्टिक आहार वितरण गरिएको,
- तमानखोला गाउँपालिकामा दर्ता भएका १३ वटा आमा समुहसंग महिला जनप्रतिनिधिहरुको सामग्री सहित भेटघाट कार्यक्रम सञ्चालन गरिएको ।
- तमानखोला गाउँपालिकाबाट हालसम्म ७६ ( क-१५, ख-४४ ग-७ र घ-१०) जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएकोमा यो आ.व. मा हालसम्म थप ६ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको,
- लैंगिक हिँसा विरुद्द सचेतना र जागरण बढाउने उदेश्यले लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान भव्यताकासाथ मनाइएको
- दलित विकास समिति मार्फत जातिय विभेद विरुद्ध १ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको,
- आदिवासी जनजाति विकास समिति मार्फत जनजाति सशक्तिकरण तथा विकास सम्बन्धी १ दिने कार्यक्रम सञ्चालन गरिएको

### ५.२.४ पञ्जीकरण तथा सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको प्रत्येक वडा कार्यालय र टोल टोलमा पुगी Biometric Verification गरिएको छ ।आ.व. २०८२।०८३ को पहिलो त्रैमासिकमा २१६३ जनालाई रु.१,८०,९३,१९८।, दोस्रो त्रैमासिकमा २१७१ जनालाई रु.१,८१,४५,२३७।,तेस्रो त्रैमासिकमा २१८३ जनालाई रु.१,८२,८५,४१०। र चोथो त्रैमासिकमा २१८२ जनालाई चौथोमा रु.१,८२,१४,४१६। गरि जम्मा रु. ७,२७,३८,२६१ रकम सामाजिक सुरक्षाभत्ता वितरण गरिएको छ।
- गाउँपालिकाका ६ वटै वडाबाट जन्म, मृत्यू, बसाइसराई, विवाह दर्ता र सम्बन्धबिच्छेद्का जम्मा ५५७ व्यक्तिगत घटना दर्ता भएका छन् । व्यक्तिगत घटनाका दर्ताका जम्मा प्रतिलिपि-४०४ प्रतिलिपि जारी गरिएको ।

### ५.३ पूर्वाधार विकास क्षेत्र

- भौतिक पूर्वाधार निर्माण तर्फ आ.व. २०८२/०८३ मा १०,५३३ मिटर सडकको नयाँ ट्र्याक निर्माण गरिएको, ७७६२.२७ मिटर गोरेटोबाटो निर्माण तथा स्तरोन्नति गरिएको, ५६९ मिटर नाली निर्माण गरिएको,
- वर्षाको समयमा निर्वाध यातायातका लागि घट्टबोट, नुन्थलाघाट, शेर्माघाट लगायतका विभिन्न घाटमा ६ वटा कल्भर्ट निर्माण सम्पन्न गरिएको,
- बोंगादोभान-बोंगाखानी-ढोरपाटन सडकको केही भाग ढलान तथा पक्की नाली व्यवस्थापनसहित स्तरोन्नतिको कार्य निरन्तर रहेको,
- गाउँपालिकाको प्रशासकीय भवन, वडा नं. ३ र ६ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको । वडा नं. १ रिक्लाङ स्थित जनता प्रा वि को ४ कोठे भवन र शौचालय निर्माण सम्पन्न ।
- गाउँपालिकाको वडा नं. ४ र अन्य केही स्थानमा रहेको खानेपानीको समस्यालाई न्यूनीकरण गर्नका लागि ७६ वटा खानेपानी धारा निर्माण गरिएको । ५ वटा खानेपानी ट्यांकी निर्माण गरिएको,
- ४ वटा सार्वजनिक ट्रस तथा भवन निर्माण गरिएको, २ वटा भवन मर्मत गरिएको, ११ वटा विद्यालयमा मर्मत तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको ।

### ५.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

- तमानखोला आधारभूत अस्पतालमा आकस्मिक मेडिकल उद्वारका सामाग्री व्यवस्थापन गरिएको
- विपद् जोखिमयुक्त ११ वटा स्थानमा जम्मा १६३ वटा ग्याविन जाली राखिएको ।
- रसुवा र म्याग्दीको बाढि पहिरोमा परि मृत्यू भएका तमानखोलाबासी २ जना मृतकको परिवारलाई प्रति परिवार २ लाखको दरले राहत वितरण गरी सोधभर्ना माग गरिएको ।
- २ घर पुन निर्माण र ३ घर प्रवलिकरण गरी जम्मा ५ घरलाई लाभग्राही पहिचान गरी कायम गर्न सिफारिस गरिएको ।

### ५.५ संस्थागत विकास तथा सुशासन

#### ५.५.१ प्रशासन

- हालसम्म जम्मा १३० व्यवसाय दर्ता भएकोमा यो आ.व. मा हालसम्म १६ वटा नयाँ व्यवसाय दर्ता भएको तथा ६२ वटा नवीकरण भएको,

- हालसम्म जम्मा ४१ संस्था दर्ता भएकोमा यो आ.व. मा हालसम्म १२ वटा नयाँ संस्था दर्ता भएको तथा १४ वटा नवीकरण भएको,
- यो आ.व. मा प्रदेश लोकसेवा आयोग, पोखराबाट तामानखोला गाउँपालिकामा स्थायी नियुक्तिका सिफारिस भएका विभिन्न १५ पदमा नयाँ कर्मचारीलाई स्थायी नियुक्ति गरिएको तथा विभिन्न सेवा समूहमा रिक्त रहेका ९ पद करार सेवामा कर्मचारी पदपूर्ति गरिएको ।
- गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन उदेश्यले गाउँपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) सम्पन्न गरी गाउँ सभाबाट पारित गरिएको।
- गाउँपालिकाको कार्यसम्पादन स्तरलाई अभिवृद्धि गर्नको लागि गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुको लागि क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिएको,
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति लिएका हाल तमानखोला गाउँपालिकाको कार्यालयमा कार्यरत २४ जना स्थायी कर्मचारीहरुको प्रदेश निजामती किताबखानामा कर्मचारी संकेत नम्बर (सिटरोल) दर्ता गराइएको ।
- तमानखोला गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति, योजना, कार्यक्रम तथा बजेटमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य सम्पन्न गरिएको,
- तमानखोला गाउँपालिकामा रहेका ६ वटा स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण सम्पन्न गरिएको ।
- गाउँपालिकामा रहेका मेलमिलापकर्हरुलाई पुनर्ताजकी तालिम सञ्चालन गरिएको । न्यायिक समितिको इजलास व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिएको ।
- तमानखोला गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्य सम्पन्न गरिएको।

### ५.५.२ योजना तथा अनुगमन

**जम्मा योजनाहरुः १३६**

- ठेक्का प्रक्रियाबाट कार्यान्वयन भएका जम्मा योजनाहरुः ९ (सम्पन्न भएका-७, सम्पन्न हुन नसकेको-१, सुविस्ताका आधारमा सम्झौता अन्त्य गरिएको १)
- कोटेसन मार्फत कार्यान्वयन भएका जम्मा योजनाहरुः १५(सबै सम्पन्न)
- उपभभोक्ता समिति मार्फत सञ्चालन गर्नुपर्ने जम्मा योजनाहरुः ११२ (सम्पन्न भएका १०३, सम्झौता नभएका-८, सम्झौता भई कार्य सम्पादन गर्न नसकी पेस्की फिर्ता-१)

- ५ लाख भन्दा कम लागत अनुमान भएका आयोजनाहरु सम्बन्धित वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट र ५ लाख भन्दा बढी लागत अनुमान भएका आयोजनाहरु गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट निरन्तर अनुगमन गरि प्रतिवेदन पेस गरेको,
- तमानखोला गाउँपालिकाको बोंगादोभान-बोंगाखानी-ढोरपाटन सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको ।

### ५.६ राजस्व संकलन विवरण

आ.व. २०८२/०८३ मा संकलित राजस्व विवरणः

| क्र.सं. | कार्यालय | संकलित राजस्व | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | ६,३५,८३०.८५ | |
| २ | वडा नं. २ | ६,७४,०११.०१ | |
| ३ | वडा नं. ३ | ६,४६,१०६.९३ | |
| ४ | वडा नं. ४ | ४,६१,२२४.६२ | |
| ५ | वडा नं. ५ | २,१८,१३९.५२ | |
| ६ | वडा नं. ६ | ३,८७,७८८.०७ | |
| ७ | गाउँपालिकाको कार्यालय | ३,९७,७०७.१५ | |
| | जम्मा | ३४,२०,८०८.१५ | |

## ६. निष्कर्ष तथा सुझाव

### ६.१ निष्कर्ष

तमानखोला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्था, क्षेत्रगत प्रगति, वित्तीय उपलब्धि, सेवा प्रवाह, सुशासन, सामाजिक समावेशीकरण, आयोजना कार्यान्वयन तथा संस्थागत विकासको समीक्षा गर्दा गाउँपालिकाले उपलब्ध स्रोत-साधन र स्थानीय परिस्थितिअनुसार विभिन्न क्षेत्रमा महत्वपूर्ण प्रयास तथा उपलब्धि हासिल गरेको देखिन्छ।

विशेषगरी स्थानीय पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालन, सामाजिक विकास, लक्षित वर्गको संरक्षण तथा सशक्तीकरण, सेवा प्रवाह, राजस्व परिचालन, सुशासन तथा संस्थागत विकासका

क्षेत्रमा कार्यक्रम सञ्चालन गरी नागरिकको आधारभूत आवश्यकता सम्बोधन गर्ने प्रयास भएको छ। गाउँपालिकाले नागरिकको नजिकको सरकारका रूपमा सेवा प्रवाह तथा विकास व्यवस्थापनलाई थप प्रभावकारी बनाउने दिशामा क्रमिक सुधारसमेत अघि बढाएको छ।

यद्यपि समीक्षा अवधिमा भौगोलिक विकटता, सीमित वित्तीय स्रोत, कार्यक्रम कार्यान्वयनमा ढिलाइ, प्राविधिक तथा दक्ष जनशक्तिको सीमितता, साना तथा छरिएका आयोजना, आन्तरिक राजस्वको सीमित आधार, तथ्याङ्क व्यवस्थापन र परिणाममुखी अनुगमनजस्ता चुनौतीहरू विद्यमान रहेको देखिन्छ।

समीक्षाबाट प्राप्त मुख्य सिकाइ भनेको बजेट खर्च हुनु मात्र उपलब्धि होइन, खर्चबाट नागरिकको जीवनमा देखिने परिवर्तन नै वास्तविक उपलब्धि हो भन्ने हो। त्यसैले आगामी दिनमा योजना तथा बजेट निर्माणदेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्मको सम्पूर्ण प्रक्रियालाई परिणाममुखी बनाउन आवश्यक छ।

समग्रमा, तमानखोला गाउँपालिकाको आगामी कार्यदिशा सीमित स्रोतको अधिकतम उपयोग, प्राथमिकतापूर्ण आयोजना, गुणस्तरीय पूर्वाधार, नागरिकमैत्री सेवा, वित्तीय अनुशासन, सामाजिक समावेशीकरण, प्रविधिको प्रयोग तथा परिणाममा आधारित स्थानीय शासनतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ।

## ६.२ सुझाव

वार्षिक समीक्षा तथा प्राप्त अनुभवका आधारमा आगामी आर्थिक वर्षमा निम्न सुधारात्मक सुझावहरू कार्यान्वयन गर्नु उपयुक्त हुनेछ।

### १. पूर्वतयारीसहित आयोजना छनोट गर्ने

आवश्यक डिजाइन, लागत अनुमान, जग्गा/स्थान, स्वीकृति तथा अन्य पूर्वतयारी पूरा भएका आयोजनालाई मात्र प्राथमिकताका साथ बजेटमा समावेश गर्नुपर्ने।

### २. अधुरा आयोजना सम्पन्न गर्न प्राथमिकता दिने

नयाँ आयोजना थप्दै जानेभन्दा क्रमागत तथा अधुरा आयोजना सम्पन्न गरी नागरिकलाई प्रत्यक्ष लाभ पुऱ्याउने नीतिलाई प्राथमिकता दिनुपर्ने।

### ३. बजेट कार्यान्वयनको समयतालिका अनिवार्य गर्ने

बजेट स्वीकृत भएलगत्तै शाखागत तथा आयोजनागत वार्षिक, त्रैमासिक र मासिक कार्ययोजना तयार गरी कार्यान्वयनको जिम्मेवारी स्पष्ट गर्नुपर्ने।

४. आयोजना छनोटमा वस्तुनिष्ठ मापदण्ड लागू गर्ने

आयोजना छनोट गर्दा राजनीतिक वा तत्कालीन मागभन्दा आवश्यकता, लाभग्राही संख्या, लागत—लाभ, दिगोपन, भौगोलिक सन्तुलन र अपेक्षित परिणामलाई आधार बनाउनुपर्ने।

५. परिणाममा आधारित अनुगमन प्रणाली विकास गर्ने

अनुगमनलाई खर्च र भौतिक प्रगतिमा मात्र सीमित नगरी Output, Outcome र Impact समेत मापन गर्ने व्यवस्था गर्नुपर्ने।

६. स्थानीय तथ्याङ्क प्रणाली सुदृढ गर्ने

गाउँपालिकाको विकास योजना तथा बजेटलाई तथ्यमा आधारित बनाउन अद्यावधिक स्थानीय तथ्याङ्क प्रोफाइल तयार गरी प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने।

७. आन्तरिक राजस्वको आधार विस्तार गर्ने

स्थानीय कर तथा गैरकर राजस्वका सम्भावित स्रोत पहिचान गरी करदाता अभिलेख अद्यावधिक, राजस्व चुहावट नियन्त्रण, व्यवसाय दर्ता तथा डिजिटल राजस्व प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने।

८. बेरुजु न्यूनीकरणलाई संस्थागत गर्ने

बेरुजु फछ्यौँटसँगै बेरुजु उत्पन्न हुन नदिने पूर्वनियन्त्रण प्रणालीलाई प्राथमिकता दिनुपर्ने। प्रत्येक शाखाको बेरुजु अवस्था, जिम्मेवारी र फछ्यौंट समयसीमा निर्धारण गरी नियमित समीक्षा गर्नुपर्ने।

९. सार्वजनिक खरिदलाई समयमै अगाडि बढाउने

वार्षिक खरिद योजना समयमै तयार गरी आर्थिक वर्षको सुरुदेखि नै खरिद प्रक्रिया सुरु गर्नुपर्ने। यसबाट आर्थिक वर्षको अन्त्यमा हुने खर्चको चाप तथा गुणस्तरसम्बन्धी जोखिम घटाउन सकिन्छ।

१०. दक्ष जनशक्ति व्यवस्थापन तथा क्षमता विकास गर्ने

गाउँपालिकाको कार्यभार र आवश्यकताका आधारमा प्राविधिक तथा विषयगत जनशक्ति व्यवस्थापन गरी कर्मचारीको योजना व्यवस्थापन, सार्वजनिक खरिद, वित्तीय व्यवस्थापन, सूचना प्रविधि, अनुगमन तथा सेवा प्रवाहसम्बन्धी क्षमता अभिवृद्धि गर्नुपर्ने।

११. सेवा प्रवाहलाई नागरिककेन्द्रित बनाउने

सेवा प्रक्रिया सरलीकरण, आवश्यक कागजातको स्पष्ट जानकारी, सेवा समयसीमा, डिजिटल सेवा तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै "कम समय, कम लागत र कम झन्झटमा सेवा" उपलब्ध गराउने लक्ष्य लिनुपर्ने।

१२. शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिने

भौतिक पूर्वाधारसँगै शिक्षाको गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि, शिक्षक क्षमता विकास, मातृ तथा बाल स्वास्थ्य, पोषण र आधारभूत स्वास्थ्य सेवाको गुणस्तरलाई प्राथमिकतामा राख्नुपर्ने।

१३. कृषि तथा रोजगारीलाई उत्पादनसँग जोड्ने

कृषि, पशुपालन, सीप विकास तथा उद्यमशीलता कार्यक्रमलाई अनुदान वितरणमा मात्र सीमित नगरी उत्पादन, रोजगारी, आयआर्जन, बजारीकरण र स्थानीय अर्थतन्त्रसँग जोड्नुपर्ने।

१४. लक्षित वर्गका कार्यक्रमलाई परिणाममुखी बनाउने

महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न/सीमान्तकृत वर्गका लागि सञ्चालन हुने कार्यक्रमको संख्या मात्र नभई लाभग्राहीको वास्तविक अवस्था र जीवनस्तरमा आएको परिवर्तन मापन गर्नुपर्ने।

१५. विकास आयोजनाको दिगोपन सुनिश्चित गर्ने

आयोजना सम्पन्न भएपछि सञ्चालन तथा मर्मतको जिम्मेवारी, स्रोत तथा कार्यविधि स्पष्ट गरी निर्माण-प्रयोग-मर्मत-दिगोपनको चक्र सुनिश्चित गर्नुपर्ने।

१६. नागरिक सहभागिता थप अर्थपूर्ण बनाउने

योजना छनोट, बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा समीक्षा प्रक्रियामा नागरिकको अर्थपूर्ण सहभागिता बढाउँदै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षणलाई प्रभावकारी बनाउनुपर्ने।

१७. डिजिटल सुशासन विस्तार गर्ने

प्रशासनिक अभिलेख, राजस्व, योजना, अनुगमन, गुनासो तथा सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार गरी एकीकृत डिजिटल स्थानीय शासन प्रणालीतर्फ क्रमशः अघि बढ्नुपर्ने।

१८. शाखागत कार्यसम्पादनलाई मापनयोग्य बनाउने

प्रत्येक शाखा तथा वडा कार्यालयका लागि वार्षिक कार्यसम्पादन लक्ष्य, सूचक, जिम्मेवारी र समयसीमा निर्धारण गरी नियमित कार्यसम्पादन समीक्षा गर्नुपर्ने।

अन्त्यमा, वार्षिक समीक्षा केवल विगतमा के भयो भन्ने विवरण प्रस्तुत गर्ने प्रक्रिया नभई आगामी दिनमा अझ राम्रो कसरी गर्ने भन्ने व्यवस्थापकीय सिकाइको माध्यम बन्नुपर्छ। तमानखोला गाउँपालिकाले विगत वर्षका उपलब्धि र कमजोरीबाट सिक्दै आगामी योजना तथा बजेटलाई थप यथार्थपरक, प्राथमिकतामुखी, परिणाममुखी र नागरिककेन्द्रित बनाउन आवश्यक छ।

वार्षिक समीक्षा कार्यक्रमको माईन्यूटः

आज मिति २०८३/०४/२२ गते शुक्रबारका दिन तमानखोला गाउँपालिका बागलुङको आ.व. २०८२/०८३ मा सञ्चालित योजना तथा कार्यक्रम र समग्र पक्षका सम्बन्धमा वार्षिक समीक्षा कार्यक्रम गाउँपालिकाका अध्यक्ष श्री जोकलाल बुढाको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा सु-सम्पन्न गरियो ।

उपस्थितिः

| क्र. सं. | नाम थर | पद | कार्यालय | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|
| १ | जोकलाल बुढा | अध्यक्ष | तमानखोला गाउँपालिका | | |
| २ | हिरा कुमारी छन्त्याल | उपाध्यक्ष | तमानखोला गाउँपालिका | | |
| ३ | अमित परियार | प्रमुख प्रशासकीय अधिकृत | तमानखोला गाउँपालिका | | |
| ४ | टेक बहादुर अर्गेजा | सदस्य | जिल्ला समन्वय समिति, बागलुङ | | |
| ५ | थम बहादुर रोका | वडा अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. १ | | |
| ६ | नारायण सुनार | वडा अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. २ | | |
| ७ | झक बहादुर बुढा | वडा अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ३ | | |
| ८ | छ प्रसाद श्रीपाली | वडा अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ४ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | हिरा बहादुर वि.क. | वडा अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ५ | | |
| १० | चित्र बहादुर छन्त्याल | वडा अध्यक्ष | तमानखोला गाउँपालिका वडा नं. ६ | | |
| ११ | देवसरा वि.क. | कार्यपालिका सदस्य | तमानखोला गाउँपालिका | | |
| १२ | मन कुमारी बुढाथोकी | कार्यपालिका सदस्य | तमानखोला गाउँपालिका | | |
| १३ | भीम कुमारी छन्त्याल | कार्यपालिका सदस्य | तमानखोला गाउँपालिका | | |
| १४ | मिना कुमारी कामी | कार्यपालिका सदस्य | तमानखोला गाउँपालिका | | |
| १५ | हिक्मत जक्तपुरी | कार्यपालिका सदस्य | तमानखोला गाउँपालिका | | |
| १६ | ढालेन्द्र छन्त्याल | कार्यपालिका सदस्य | तमानखोला गाउँपालिका | | |
| १७ | सुरेश घिमिरे | इन्जीनियर | तमानखोला गा.पा | | |
| १८ | बिरेन्द्र बहादुर कठायत | प्रशासकीय अधिकृत | तमानखोला गा.पा. | | |
| १९ | राज कुमार बोहरा | [illegible] | तमानखोला गा.पा. | | |
| २० | उदिप [illegible] | [illegible] (६) | | | |
| २१ | केशरी [illegible] | तमानखोला वडा १ | " | | |
| २२ | पुर्ण [illegible] | तमानखोला २ सदस्य | " | | |
| २३ | टंक ब वि क | तमानखोला २ सदस्य | " | | |

| क्र. सं. | नाम थर | पद | कार्यालय | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|
| २४ | टम्मर ऐमछ | सदस्य | | | |
| २५ | चम बा | सदस्य | | | |
| २६ | नरमाया | | | नर | |
| २७ | ओम प्रसाद पून | प्रा.जं.स्वास्थ्य निकाह समिति | | | |
| २७ | उपेन्द्र खड्का | ना.प्रा.स | वडा नं ६ | | |
| २८ | तुलाराम आचार्य | प.हे.प्रा | तमानखोला गा.पा | | |
| २९ | दल बहादुर शाही | प.स्वा.प्र | ,, | | |
| ३० | प्रेम रावत | नि.प.स्वे.प्रा | ४ नं.वडा सचिव | | |
| ३१ | निरजन शाही | प्र.प.अ. | तमानखोला गा.पा. | | |
| ३२ | सन्तोष श्रेष्ठ | अ.सि.ई | ,, | | |
| ३३ | टोपेन्द्र रेग्मी | अ.सि.ई. | तमानखोला गा.पा. | | |
| ३४ | धनी गाहा | स. ई. | तमानखोला गा.पा. | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | प्रतिभा भण्डारी | प्रशासकीय अधिकृत | तमानखोला गा.पा.को कार्यालय | [signature] | |
| ३६ | नाम थर | पद | कार्यालय | हस्ताक्षर | कै |
| ३७ | कुमसरा लिम्बु मगर | एम.आई.एस अपरेटर | तमानखोला गा.पा.को कार्यालय | [signature] | |
| ३८ | माधवी शर्मा | कृषि प्राविधिक | " | [signature] | |
| ३९ | लालमाया घर्ती कुवाँर | उ.वि.स | " | [signature] | |
| ४० | मुमिरा दलाल | सामाजिक परिचालक | (NUDF) | [signature] | |
| ४१ | राम कुमारी घर्ति | पशु प्राविधिक | त.गा.पा. | [signature] | |
| ४२ | लिला बुढाथोकी | कृषि प्राविधिक | कृषि विकास शाखा | [signature] | |
| ४३ | कान्ति पौडेल | जन.स्वा.अ | तमानखोला गा.पा.को कार्यालय | [signature] | |
| ४४ | दुर्गादत्त घिमिरे | [illegible] | " | [signature] | |
| ४५ | गीता शाह | सब इन्जिनियर | " | [signature] | |
| ४६ | अनु चपाई | वरिष्ठ प्रशासन सहायक | तमानखोला गा.पा. वडा नं १ वडा कार्यालय | [signature] | |
| ४७ | किशन राज दुड्गा | न्यायिक सहजकर्ता | तमानखोला गा.पा.को कार्यालय | [signature] | |
| ४८ | सुदर्शन उपाध्याय | लेखा अधिकृत | " | [signature] | |
| ४९ | तिल बहादुर दलाल | [illegible] | " | [signature] | |

| क्र. सं. | नाम थर | पद | कार्यालय | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|
| ५० | पिकेश्वर प्रसाद यादव | अ.सब.ई. | ,, | [signature] | |
| ५१ | नविना मल्ल | वडा सचिव | ,, | [signature] | |
| ५२ | टेकु लाल विष्ट | वडा सदस्य | ,, | [signature] | |
| ५३ | लाल तिरुवा | अभियानकर्ता | नागरिक आरोग्य | [signature] | |
| ५४ | सचिन वि.क | का.द | ह.गा.पा | [signature] | |
| ५५ | अनिता दन्ल्याल थापा | सु.प्र.अ | ,, | [signature] | |
| ५६ | | | | | |
| ५७ | | | | | |
| ५८ | | | | | |
| ५९ | | | | | |
| ६० | | | | | |
| ६१ | | | | | |
| ६२ | | | | | |

वार्षिक समीक्षा कार्यक्रमसंग सम्बन्धित फोटोहरु





















वार्षिक समीक्षा कार्यक्रमसंग सम्बन्धित फोटोहरुः















वार्षिक समीक्षा कार्यक्रमसंग सम्बन्धित फोटोहरुः



























